**यस गरिमामय नगर सभाका अध्यक्ष ज्यू एवं सभाका सदस्यज्यूहरु,**

नेपालको संविधान, २०७२ बमोजिम मध्यविन्दु नगरपालिकाको गरिमामय चौथो नगर सभामा आर्थिक वर्ष ०७४/०७५ को यथार्थ विवरण, आर्थिक वर्ष ०७५/०७६ पुस मसान्तसम्मको आय व्यय विवरण र संशोधित आय व्यय र हालसम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्दा मलाई खुशी लागेको छ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले गरेको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतान्त्रिक आन्दोलनका शहीदहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.ब. २०७५/७६ को पौष मसान्तसम्म भएका कार्यक्रमहरुको संक्षिप्त प्रगति प्रतिवेदन पेश गर्न अनुमति चाहन्छु ।

१. भौतिक पूर्वाधार तर्फ- सम्झौता भएका योजना संख्या ८१, सम्पन्न भएका योजना संख्या २३, सम्झौता हुन बाँकी संख्या ५० रहेको ।

२. शिक्षा तर्फ - बाल विकास केन्द्रका वालवालिकाहरुलाई दिवा खाजा कार्यक्रम सञ्चालनबाट वालवालिकाको कक्षाको टिकाउ दरमा वृद्धि भई सामुदायिक विद्यालयमा वालवालिकाको आकर्षण बढेको । नगर स्तरीय अतिरिक्त क्रियाकलाप शैक्षिक तालिका अनुसार सञ्चालनमा रहेको ।

३. कृषि तर्फ- यस आ.ब.मा कृषि शाखाबाट रु तेइस लाख बराबरको आलु, गहु, तोरी र च्याउ मौसमी तथा बेमौसमी तरकारीहरुको विउ एवं प्राङ्गारिक मल खरिद गरी कृषकहरुलाई उपलब्ध गराईनुको साथै मकैको विऊ वितरण भइरहेको ।

४. आयूर्वेद तर्फ- चालु आ.ब.मा रु चार लाख उन्नानसय हजार नौ सय असी बराबरको औषधी खरिद गरीएको । ज्येष्ठ नागरिकलाई रोग प्रतिरोधात्मक शक्ति बढाउने औषधी र सुत्केरी आमाहरुलाई लक्षित गरी पोषणयुक्त औषधी वितरण भइरहेको ।

५. स्वास्थ्य तर्फ- सुत्केरी प्रोत्साहन कार्यक्रमबाट घरमा शुन्य सुत्केरी घोषणामा टेवा पुगेको र शिशु स्वास्थ्य अवस्थामा सुधार भएको ।

६. महिला तथा वालवालिका तर्फ- यस नगरपालिकाले २०७७ आषाढ मसान्त भित्र वालमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्य लिएकोमा सोही अनुसारका कानुन समेत निर्माण गरी सक्रिय रुपमा कार्यक्रम सञ्चालन भएको हुँदा अधिकांश सुचकमा उपलब्धी मुलक नतिजा हासिल भएको । बढ्दो घरेलु तथा महिला हिंसा न्यूनीकरणको उद्देश्यले घरेलु हिंसा तथा मुलुकी संहिता २०७४ सम्बन्धी अभिमुखीकरण र लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न भएको ।

७. ज्येष्ठ नागरिक तथा अपाङ्ग तर्फ- ज्येष्ठ नागरिक दिवस र ज्येष्ठ नागरिक प्रति हुने दुर्व्यवहार सम्बन्धी सरोकारवालाहरुसँगको अन्तरक्रिया र विश्व अपाङ्ग दिवस कार्यक्रम सम्पन्न भएको ।

८. न्यायिक समिति तर्फ- पौष मसान्तसम्म मेलमिलापको लागि प्राप्त भएका ८४ निवेदनहरु मध्ये ६२ मेलमिलाप कायम भएको ९ ओटा प्रकृयामा रहेको १३ वटा प्रहरी चौकी तथा अन्य निकायमा पठाइएको ।

९. पशु सेवा तर्फ - २५ क्वीन्टल जै घाँसको बीऊ वितरण, ५६० किलो बर्सिम घाँसको बीऊ वितरण तथा खोरेत रोगको प्रकोप फैलिएको ठाउँमा रोग नियन्त्रणको लागि कारिव १५०० वटा गाई भैसीहरुमा खोरेत रोग विरुद्धको खोप लगाउनुको साथै उपचार कार्यक्रम सम्पन्न गरियो ।

**सभाध्यक्ष महोदय,**

अब म नगरपालिकाको आर्थिक वर्ष ०७४/०७५ को यथार्थ विवरण र आर्थिक वर्ष ०७५/०७६ को पुस मसान्तसम्मको राजश्व आम्दानी र खर्च, संशोधित अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. गत आर्थिक वर्ष ०७४/०७५ मा कूल बजेट ५८ करोड ९९ लाख १४ हजार ३७३ मा चालु खर्च तर्फ २५ करोड ५६ लाख ८८ हजार १६८ र पूँजीगत खर्च तर्फ २८ करोड ३१ लाख १५ हजार ५ सय ७ रूपैया खर्च भई ५ करोड ११ लाख १० हजार ६ सय ९२ रूपैयाँ १३ पैसा बचत हुन आएको छ ।

२. आर्थिक वर्ष २०७५/०७६ को पुस मसान्तसम्मको राजश्व असुली रू.५ करोड अनुमान गरिएकोमा नदीजन्य पदार्थ बिक्रीबाट रू.२करोड ६१ लाख ४२ हजार र अन्य अम्दानी रू ९५ लाख ४९ हजार ३९२ गरी कूल ३ करोड ५६ लाख ९१ हजार ३९२ रूपैयाँ ७१.३८ प्रतिशत राजश्व प्रप्त भएको छ । स्वीकृत एकिकृत सम्पत्तीकरलाई संशोधन गरी नदीजन्य पदार्थबाट प्राप्त भएको राजश्व अम्दानी शीर्षकमा समावेश गरी विनियोजित योजनामा खर्च गरिएको छ, त्यसै गरी चालु खर्च ३७ करोड ४४ लाख ७० हजार विनियोजन गरिएकोमा पुस मसान्तसम्मको खर्च रू. १५ करोड ६३ लाख ८५ हजार ४३९ अर्थात् २१.८० प्रतिशत खर्च भएको छ । पूँजीगत खर्च तर्फ २८ करोड ७२ लाख १६ हजार ५७७ विनियोजन गरिएकोमा ४ करोड ५१ लाख १७ हजार ४६७ रूपैयाँ अर्थात् १५.७० प्रतिशत खर्च भएको छ ।

३. अब म आर्थिक वर्ष २०७५/०७६ को अनुमानित आय, व्यय र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु । प्रस्तुत बजेटको आयको ठूलो हिस्सा वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकार बाट प्राप्त रु. १४ करोड ९२ लाख, सशर्त अनुदान तर्फ रु. २० करोड ४५ लाख, राजस्व बाँडफाँड बाट १० करोड ४५ लाख ८२ हजार र प्रदेश सरकार बाट सवारी साधान कर बापत रु ५६ लाख २४ हजार ८७९, वित्तीय

समानीकरण अनुदान अन्तर्गत १२ करोड ५९ लाख ४ हजार, सडक बोर्ड नेपालबाट प्राप्त रू. ३० लाख, सामाजिक सुरक्षा अनुदान अन्तर्गत र ७ करोड ८१ लाख ३५ हजार पश्चिम नेपाल ग्रामिण खानेपानी आयोजना बाट १४ लाख १० हजार, स्थानीय निकाय शर्सत पूँजीगत अनुदान (संसद विकास कोष) १ करोड ३१ लाख, तराई मधेश संमृद्धि कार्यक्रमबाट ४० लाख र बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत रु. १८ लाख ४० हजार, चालु आर्थिक वर्ष ०७५ /०७६ को लागि गत चालु आर्थिक वर्ष ०७४/०७५ को यथार्थ मौज्दात रकम रु. ५ करोड ११ लाख १० हजार ६ सय ९८ रूपैयाँ १३ पैसा, नगरपालिकाको आन्तरिक राजस्व अनुमान  रु. ६ करोड, उपभोक्ता समितिबाट हुने नगद प्राप्त जनसहभागिता रकम रु. २ करोड गरि आगामी आर्थिक वर्ष ०७५/०७६ को लागि जम्मा  रु. ७० करोड ९० लाख ९६ हजार ५ सय ७७ को अनुमानित आय प्रस्तुत गरेको छु।

४. व्ययतर्फ निर्वाचित पदाधिकारीको भत्ता, सुविधा, कर्मचारीका तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायतका शसर्त अनुदान, संघीय सरकार तर्फबाट प्राप्त कार्यक्रम, सामाजिक सुरक्षा अनुदान र अन्य प्रशासनिक खर्च समेतको चालु खर्चका निमित्त रु. ३६ करोड ८३ लाख ३६ हजार र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन लगायतका काम समेटिएको पूँजीगत खर्चका निमित्त रु. ३४ करोड ७ लाख ६० हजार ५७७ विनियोजन गरिएको छ। चालु खर्चका निमित्त अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत् प्राप्त हुने निशर्त अनुदान तर्फको रु. ५ करोड र आन्तरिक आयबाट रु. १ करोड ५० लाख गरी जम्मा रु. ६ करोड ५० लाख विनियोजन प्रस्ताव गरेको छु। पूँजीगत खर्चका निमित्त  अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत् प्राप्त हुने निशर्त अनुदान तर्फको रु. २९ करोड ५७ लाख ६० हजार ५७७ र आन्तरिक आयबाट रु. ४ करोड ५० लाख र चालु आर्थिक वर्षको नगद मौज्दादबाट रु ५ करोड ११ लाख १० हजार ६९८ रूपैया १३ पैसा, श्रम र जनसहभागिताबाट रु २ करोड विनियोजन प्रस्ताव गरिएको छ।  अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त

भएको सशर्त अनुदान तर्फको २० करोड ४५ लाख  रुपैयाँ तोकिए बमोजिम खर्च गरिने छ । चालु आर्थिक वर्ष ०७५ /०७६ नगरसभाले कर्मचारी पारिश्रमिक शीर्षक विनियोजन गरिएको रू. ३ करोड १० लाखबाट रू ५० लाख र आन्तरिक आम्दानी तर्फ रू. १ करोड गरी कूल रू.१ करोड ५० लाख पूँजीगत खर्च तर्फ विनियोजन गरिएको छ। चालु आर्थिक वर्ष ०७५ /०७६ को नगरसभाले विनियोजन गरेको केही योजनाहरूको वडागत सिफारिसको आधारमा गरिएका संशोधित योजनाहरू एवं चालु खर्चबाट विनियोजित भएका थप योजनाहरू शीर्षकहरू अनुसूची ६ मा संलग्न गरिएको छ। राजस्वको शीर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुनेगरी विभिन्न स्रोतबाट प्राप्त हुने आय र व्ययको शीर्षकगत विवरणहरु अनुसूचीमा उल्लेख गरिएको छ।

—o—